# अंग्रेजी सिक्दै...

पृष्ठ १ बाट क्रमशः

आफ्ना रहर पूरा नभएको बिर्खबहादुर शाहीले बताए । 'मुखियाले पढ्नु हुँदैन भन्छ,' उनले भने, 'पढ्न पाए त हामी पनि ड्राइभर हुन्या हो, डाक्टर हुन्या हो ।' उनले किताब कापी समातेर पढ्न पाउँदा खुसी लागेको बताए । 'हाम्रो बस्तीमा मास्टर्नी (शिक्षिका) आएपछि धेरै कुरा सिकेका छौँ,' उनले भने ।

राउटे समुदायका बालबालिका पढ्न थालेपछि सोसेकले राउटेबस्तीमा खटाएका शिक्षक–शिक्षिका पनि उत्साहित देखिएका छन् । राउटे बालबालिका पढ्न सहमत भएपछि उनीहरूको स्वभावमा केही परिवर्तन देखिएको शिक्षिका दुर्गा खत्रीले बताइन् । 'नौ महिनादेखि थालिएको राउटेबस्तीमा बालबालिकालाई नुहाउन सिकाएका छौँ,' उनले भनिन्, 'राउटे बालबालिकालाई अक्षर भन्न र लेख्न सिकाउनु नै हाम्रो उपलब्धि हो ।' राउटेबस्ती सरेसँगै यहाँका शिक्षक र शिक्षिका पनि सोही बस्तीमा पुग्ने गरेका छन् ।

## राउटे मुखिया बस्तीका सामाजिक कार्यकर्ता

बस्तीमा मुखियाको शासनमा रहने राउटे समुदायका बालबालिकाको संरक्षणका लागि राउटे मुखियासहितका पाँचजना युवालाई सामाजिक सेवा केन्द्रले सामाजिक कार्यकर्ताका रूपमा नियुक्त गरेको छ । राउटे समुदायका बालबालिकामा कुपोषण देखापरेको र उनीहरूले पौष्टिक आहार खान नमानेपछि राउटे मुखियामार्फत बालबालिकालाई पौष्टिक आहार र औषधि खुवाउन राउटे युवालाई नै नियुक्त गरिएको संस्थाका अध्यक्ष हीरासिंह थापाले बताए । 'राउटे समुदायका बालबालिकामा कुपोषण बढेको छ,' उनले भने, 'बालबालिकालाई औषधि, पौष्टिक आहार खुवाउन र सरसफाइका लागि सचेतना बढाउने काममा यी कार्यकर्ताको प्रमुख काम हुनेछ ।'

राउटेबस्तीका पाँच वर्षमुनिका २१ जना बालबालिकामा कुपोषण देखिएको थापाले जानकारी दिए । राउटे मुखिया सूर्यनारायण शाही, वीरबहादुर शाही, दिलबहादुर शाही, महामुखिया मैनबहादुर शाही र प्रकाशबहादुर शाहीलाई सोसेकले सामाजिक कार्यकर्ताको नियुक्तिपत्र दिएको छ । मुखियाले मासिक दुई हजार र अन्यले मासिक १५ सय रुपैयाँका दरले पारिश्रमिक पाउनेछन् ।



# पाँचखाल नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

पाँचखाल ,काभ्रेपलान्चोक

३ न प्रदेश ,नेपाल

## बोलपत्र स्वीकृत गर्ने आसयको सुचना

प्रकाशित मिति : २०७५/११/१३

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धि सुचना र तत्पश्चात रीतपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सुचना प्रकाशित गरिएको छ ।

| सि न | ठेक्का न./विवरण | बोलापत्रदाता | कबोल अंक (VAT बाहेक ) |
|---|---|---|---|
| १ | ०२/२०७५/०७६ (supply, delivery, installation, testing, commissioning and after sales service of solar street light system at various locations of Panchkhal Municipality as per specification ) | Sunshine Energy Pvt. Ltd., Samakhusi, Ktm. | ने रु १९,८५,७९०.६०/- |

प्रमुख प्रशाशकीय अधिकृत

# लम्कीचुहा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय